# वातावरण नीति

## प्रस्तावना

प्राकृतिक वातावरणमा सजीव तथा निर्जीव सबै खालका कुराहरू फेला पार्न सकिन्छ। यी सबै जीवित प्रजातिहरू, जलवायु, मौसम र प्राकृतिक स्रोत बीचको अन्तरक्रियाले मानव अस्तीत्व र आर्थिक गतिविधिमा प्रभाव पर्ने गर्छ। मानव इतिहासमा प्रकृतिमा आएको ह्रासको लेखाजोखा नभएकाले वातावरणमा चुनौती थपिएको छ। त्यस्तै मानवले गर्दा भएको जलवायु परिवर्तनले गर्दा हाम्रो विश्वमा एकदमै ठूलो चुनौती थपेको छ। पछिला ६ करोड ५० लाख वर्षको तुलनामा पृथ्वीको जलवायुमा अहिले सबैभन्दा तेज गतिमा तापक्रम बढिरहेको छ र यसको कारण मानव गतिविधि हो। जमिन फडानी, पशुपंक्षीको वासस्थानको विनाश र प्रदूषणले गर्दा तीव्र गतिमा पृथ्वीको इकोसिस्टममा ह्रास आइरहेको छ र यसबाट पृथ्वीको इतिहासमा प्रजातिहरूको छैठौं ठुलो लोप भएको छ। इकोसिस्टमले जीवनलाई समर्थन गर्ने क्षमतामा परिवर्तन आउँदा पृथ्वीको हरेक व्यक्ति र जीवलाई प्रभाव पार्ने भएकाले यो अवस्था अत्यन्तै गम्भीर चासोको विषय हो। तापक्रम बढ्नाले, एसिड बढ्नाले र अक्सिजनको मात्रामा कमी आउनाले पृथ्वीको सबैभन्दा ठूलो कार्बन भण्डारका रूपमा रहेका महासागरहरूको स्वास्थ्य पनि सङ्कटमा परेको छ। धेरै इकोसिस्टम र विश्वव्यापी इकोसिस्टम सेवाहरू सखाप हुने सम्भावना बढेको छ। त्यसकारण, भविष्यमा वातावरण सुरक्षित राख्नका लागि स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी रूपमा तात्कालिक र दीगो खालको कदम चाल्नु आवश्यक छ। हामीले खाने खाना, हामी फेर्ने सास, हामीले पिउने पानी र हाम्रो ग्रहलाई बस्न योग्य बनाउने जलवायु सबै प्रकृतिकै देन हो।

## भिजन

Greens को भिजन भनेको पृथ्वीको वातावरणीय तथा स्रोतहरूको सीमामा रहेर जीवनयापन गर्ने खालको समाज निर्माण गर्नु हो। हाम्रो भिजन वातावरणीय न्याय, सामाजिक न्याय र आर्थिक न्याय एकअर्कासँग निर्भर रहन्छन् र एकअर्काका पूरक हुन् भन्ने कुरा पहिचान गर्दै न्यायप्रतिको समग्र दृष्टिकोणलाई समर्थन गर्नु हो। त्यसैले, हामी पृथ्वीको जीवन शक्ति, विविधता र सौन्दर्यमा निर्भर रहन्छौं र अर्को पुस्तालाई यी कुरा कत्ति पनि ह्रास आउन नदिएर वा अझै सुधारेर हस्तान्तरण गर्नु पर्छ भन्ने बारेमा हामी सचेत रह्यौं हामी एकीकृत रहन्छौं।

## उदेश्य

Greens को उदेश्य हाम्रो अद्वितीय प्राकृतिक वातावरण र यसमा भएका स्रोतहरूको हेरचाह गर्नु, भविष्यका सन्ततिका लागि हस्तान्तरण गर्न ती दीगो समयसम्म रहिरहन्छन् भन्ने कुरा सुनिश्चित गर्नु, र हाम्रो ग्रहको पर्यावरणीय एकताको रक्षा गर्न मद्दत गर्नु हो। यसका साथै, दीगो विकास र वातावरणीय शिक्षाका लागि काम गर्ने उदेश्य पनि रहेको छ। इकोसिस्टमहरू र वातावरणको रक्षा गर्नु, संरक्षण गर्नु र हेरविचार गर्नु हाम्रो कर्तव्य र जिम्मेवारी हो।

## कार्य योजना

मानवजातिले औद्योगिक क्रान्तिबाट सुरु गरेको भयानक परिवर्तनहरूले मानव सभ्यता र पृथ्वीमा रहेका धेरैजसो प्रजातिहरूको भविष्यलाई चुनौती दिएको छ। त्यसकारण, जलवायु परिवर्तन व्यापक रूपमा बढ्दै नजाओस् भनेर वातावरण र जैविक विविधता संरक्षण गर्नका लागि उपायहरू अवलम्बन गर्ने कार्य योजना रहेको छ। साथै, आर्थिक दृष्टिकोणबाट भन्दा पनि वैज्ञानिक प्रमाण र स्थानीय ज्ञानका आधारमा वातारणको व्यवस्थापन, प्रयोग गर्ने शैलीमा परिवर्तन, पुनर्स्थापना वा संरक्षणसम्बन्धी निर्णय लिने कार्य योजना रहेको छ। त्यसकारण, Greens ले निम्न कार्यहरू गर्ने छ –

**प्रकृति**

- पृथ्वीमा रहेका सबै प्रकारका जीवको सम्मान गर्ने
- पर्यावरण जोगाउनका लागि प्रकृतिका अधिकारहरूलाई कानुनी अवधारणाका रूपमा पहिचान गर्ने, जसअन्तर्गत प्रकृतिको बाँच्न पाउने, विद्यमान रहिरहन पाउने, आफ्ना महत्त्वपूर्ण चक्रहरू कायम राख्न र सिर्जना गर्न पाउने र यसका साथै पहिलेको अवस्थामा फर्कन पाउने अधिकारहरू केन्द्रमा रहेका छन्
- प्राकृतिक तथा कानुनी व्यक्तिहरू (मानवबाहेकका कानुनले अधिकार दिएका कानुनी निकायहरू जसको अधिकार र कर्तव्यहरू हुन्छन् र तिनलाई कानुनी व्यक्तिका रूपमा पहिचान गरिन्छ) का साथै समग्र जनसमुदायलाई प्रकृतिको रक्षा गर्न प्रोत्साहन गर्ने
- प्रकृतिलाई पूर्ण रूपमा पहिलेकै अवस्थामा ल्याउन प्रभावकारी संयन्त्रहरू स्थापना गर्ने र इकोसिस्टमका अधिकारहरू हनन गरिएका खण्डमा भविष्यमा हुन सक्ने हनन रोक्नका लागि उचित उपायहरू अवलम्बन गर्ने
- पुस्ता-पुस्ता बिचको समानता, जैविक विविधताको संरक्षण र आदिवासी र परम्परागत रूपमा स्वामित्व लिने कुराको सम्मानलाई ध्यानमा राख्दै स्रोतहरूको व्यवस्थापन गर्ने
- आदिवासीहरूको सांस्कृतिक ज्ञानलाई उनीहरूको भूमि, जल वा आकाशको मौलिक संरक्षकका रूपमा पहिचान गर्ने
- जंगली वासस्थानमा पुरानो जंगलको इकोसिस्टमले खेलेको भूमिका पहिचान गर्ने, जसमा कार्बन भण्डारण, खानेपानी वितरण, माटोको गुणस्तर र अवधारण, फेरि सिर्जना गर्न सक्ने क्षमता र पर्यटन पनि समावेश छन्
- प्रजातिहरू लोप हुने कारण बन्न सक्ने खालका सबै गतिविधिहरूमा पूर्वसावधानी अपनाउने र प्रतिबन्धात्मक उपायहरू लागू गर्ने
- स्थिर जलवायु प्रणाली कायम गर्न विश्वव्यापी उष्णता कम गर्ने, जसले गर्दा वातावरण संरक्षणमा मद्दत पुग्छ
- जंगल तथा राष्ट्रिय निकुञ्जका साथै UNESCO क्षेत्रहरू र मुख्य इकोसिस्टमहरूको संरक्षण गर्ने र ती क्षेत्रमा खानी कार्य तथा रुख काट्न नदिने
- जंगल र जमिन फडानी कम गर्ने र अवैध रूपमा रूख काट्ने कार्यले नै जलवायु परिवर्तनमा मुख्य भूमिका खेल्ने भएकाले तिनलाई रोक्न उपायहरू अपनाउने
- जंगली जनावरको व्यापार र अवैध सिकारमाथि प्रतिबन्ध लगाउन उपायहरू अपनाउने
- विश्वव्यापी उष्णताको गति कम गर्ने, इकोसिस्टमको स्वास्थ्य सुधार गर्ने उपायहरू अपनाउने र अधिकतम १.५ डिग्री जलवायु परिवर्तनको लक्ष्यको पालना गर्ने
- तापक्रम बढ्ने, एसिडको मात्रा बढ्ने, अक्सिजनको घट्ने र समुद्री वासस्थान नष्ट हुने जस्ता समुद्रसँग सम्बन्धित विषयहरूको सम्बोधन गर्न उपायहरू अपनाउने

**वातावरण तथा जौविक विविधता**

- मान्छेहरू, समुदायहरू र समाजहरूले प्राकृतिक वातावरण प्रयोग गर्ने अधिकार पाएका छन् भन्ने कुराको सुनिश्चित गर्ने
- नवीकरण नहुने प्राकृतिक स्रोतका कारण भएका असर लगायत गम्भीर वा स्थायी वातावरणीय प्रभावले गर्दा हुने हानीकारक परिणामहरू कम गर्न वा निर्मूल पार्न उपायहरू अपनाउने

- वातावरणको रक्षा गर्न र व्यवस्थापन गर्नका लागि रणनीतिहरू तय गर्न र कार्यान्वयन गर्न सार्वजनिक, स्थानीय तथा अन्य सरकारी निकायहरूलाई रकम उपलब्ध गर्ने, प्रोत्साहन गर्ने, सशक्तिकरण गर्ने र संशाधन उपलब्ध गराउने
- विश्वव्यापी सम्झौता र जलवायु परिवर्तन कम गर्ने उदेश्यहरूसँग मिल्ने गरी प्रभावकारी कदम सुरु गर्ने
- जलवायु परिवर्तनले गम्भीर असर गरेका देशहरूमा अनुकूलन कार्यक्रम सिर्जना गर्ने र प्रभाव कम गर्ने उपायहरू लागू गर्ने र नागरिकहरूको सुरक्षा सुनिश्चित गर्ने
- वातावरणीय शिक्षासम्बन्धी बोधात्मक कार्यकमहरू लागू गर्ने र यसलाई प्राथमिक र माध्यमिक स्कुलको पाठ्यक्रमका साथै तृतीयक संस्थाहरूमा पनि अनिवार्य विषयका रूपमा पढाउने
- मान्छेहरूलाई वातावरण संरक्षण र दीगो विकासका लागि काम गर्न प्रेरित गर्नका लागि सचेतना अभियान सुरु गर्ने
- वातावरण र जैविक विविधता सम्बन्धी कानुन उल्लङ्घन गर्नेहरूलाई कारबाही गर्ने र वातावरण प्रदूषण र उत्सर्जनमा कडा मापदण्ड तोक्ने
- उद्योग वा जिम्मेवार सरकारी निकायले पोखिएका रसायन, दुर्घटना, माइनिङ ट्रेलिङ आदि उनीहरूले सफा गर्छन् र त्यसलाई डिकमिसन गर्छन् भन्ने कुराको सुनिश्चित गर्ने
- वातावरणका लागि कानुनी सहायता रकम बढाउने
- नीति र वातावरणका मापदण्डहरूले स्थानीय निर्णय स्तरको निर्णयलाई समर्थन गर्छन् भन्ने कुरा सुनिश्चित गर्ने
- खराब हावाको गुणस्तर, स्वास्थ्य समस्या र स्रोतहरूको बढी प्रयोग गर्ने अनुचित विकासको गति कम गर्ने
- कम आय भएका नागरिक र अल्पसंख्यकहरू वातावरणसम्बन्धी प्रकोपबाट पिडीत नहुन् भन्ने कुराको सुनिश्चित गर्ने
- तत्कालै वायु प्रदूषण कम गर्न, र व्यापक रूपमा हरित गृह ग्यास उत्सर्ज कटौती गर्न सुरु गर्ने र जलवायुमा कुनै प्रभाव नपरोस् भनेर सबै सम्बन्धित क्षेत्र र संस्थाहरूलाई एकै ठाउँमा ल्याएर यसमा समन्वयात्मक, र महत्त्वाकांक्षी कदमहरू चाल्न थाल्ने
- जलवायु विज्ञान र जैविक विविधता सम्बन्धी विषयमा विश्वास र शिक्षा बढाउने
- जलवायु विविधता सम्बन्धी संयुक्त राष्ट्रसंघको महासन्धिका लक्ष्यहरूलाई अगाडि बढाएर नयाँ खालको विश्वव्यापी वातावरणीय एजेन्डा तय गर्नतर्फ काम गर्ने। साथै, दीगो विकासको वातावरणीय आयाम स्थिर रूपमा कार्यान्वयन गर्न प्रचारप्रसार गर्ने
- भविष्यका सन्ततिको गुणस्तरीय जीवनका कुनै बाधा नपुग्ने गरी आफ्नो जीवनको गुणस्तर सुधार गर्नका लागि राष्ट्रहरू र मान्छेहरूलाई प्रेरित गरेर, सूचित गरेर र सक्षम बनाएर वातावरणको हेरचाह गर्नमा नेतृत्व प्रदान गर्ने र साझेदारी गर्न प्रोत्साहित गर्ने
- सबै सरकारी निकाय र व्यवसायहरूलाई जलवायु अनुकूलनसम्बन्धी आफ्नै योजना परिभाषित गर्न आवश्यक पर्ने बनाउने
- सफा उर्जा प्रयोग गर्नका लागि सार्वजनिक यातायात प्रणाली/नेटवर्कहरूमा क्रान्तिकारी परिवर्तन ल्याउने
- सर्वसाधारणलाई उद्योग, सरकार र उत्पादन गर्ने प्रक्रिया अनुसार प्रदूषणको मात्र देखाउने रजिस्टार उपलब्ध गराउने
- वातावरण संरक्षण सम्बन्धी कानुनहरू निर्माण गर्ने र तिनलाई कार्यान्वयन गर्न सरकारी प्रक्रियाहरू स्थापना गर्ने
- सरकारलाई स्वतन्त्र र सामुदायिक सुझाव प्रदान गर्ने र कर्पोरेट वा विदेशी सरकारका अनुदानहरूलाई निरन्तरता नदिने

- जमिन फडानी, प्रजातिहरूमाथिको अतिक्रमण, वायु प्रदूषण आदिको नियमन समावेश गर्न विस्तारित नियामक दायित्व सुनिश्चित गर्ने
- परियोजनाको चक्रभर नै परामर्श प्रक्रिया समावेश गरेर निर्णय लिने प्रक्रियामा समुदायको पहुँच बढाउने

**दिगोपना**

- खपतको ढाँचामा कम गर्दै प्राकृतिक स्रोतहरूको दीगोपनाका लागि काम गर्ने, नवीकरणीय उर्जाको प्रयोग, रिसाइकल र पुन: प्रयोगका पहल बढाउने
- परियोजना मूल्याङ्कन र कार्यान्वयनका समयमा वातावरण र स्वास्थ्यका पक्षलाई महत्त्व दिने
- दीगो भविष्यमा रूपान्तरण गर्नका लागि काम गर्ने, जहाँ नवीनता प्रयोग गरी वातावरणीय चुनौतीहरूको सामना गरिन्छ, जस्तै सफाईको प्रक्रियाका समयमा
- प्रदूषणले स्वास्थ्य तथा वातावरणमा पार्ने असरका बारे थाहा पाउने सर्वसाधारणको हक ग्यारेन्टी गर्ने
- सबै सार्वजनिक योजनाका छलफलमा त्यसबाट हुने वातावरणीय असर र सुधारको विश्लेषणका बारेमा कुरा गर्ने
- नयाँ किटाणु वनस्पति, जनावर र रोगहरू आउनबाट रोकथाम गर्न बायो सुरक्षा प्रणाली सिर्जना गर्ने
- बिउ र वनस्पतिहरूलाई तिनको मूल ठाउँमा संरक्षण गर्ने

**न्याय**

- वातावरणीय न्याय, सामाजिक न्याय र आर्थिक न्याय एकअर्कासँग निर्भर रहन्छन् र एकअर्काका पूरक हुन् भन्ने कुरा पहिचान गर्दै न्यायप्रतिको समग्र दृष्टिकोणलाई समर्थन गर्ने।
- लिंग, आदिवासी ज्ञान र सांस्कृतिक आयामको बारेमा विचार गर्दै वातावरणीय समस्याहरूको सामना गर्ने
- वातावरण सम्बन्धी अपराधहरूलाई पूर्ण रूपमा दण्डित गर्न कानुनलाई बलियो बनाउने र ठुला ठुला पहलहरू गर्ने
- उत्सर्जन न्यूनीकरण, जलवायुमा लगानी, क्षमता निर्माण र प्रविधि ट्रान्सफर सम्बन्धी UNFCCC ले गरेका पेरिस सम्झौताका प्रतिबद्धताहरू बढाउने
- जंगल, समुद्री किनारा र नदीनाला र समुद्री वातावरण बीचका क्षेत्रहरू जस्ता स्थानमा रहेका कार्बन सिंक र भण्डारहरू संरक्षण र सुधार गर्नका लागि अन्तर्राष्ट्रिय सम्झौता गर्न वकालत गर्ने
- संयुक्त राष्ट्रसंघका दीगो विकासका लक्ष्यहरू समर्थन र कार्यान्वयन गर्ने

**न्यूनीकरण**

- साना परिवार, सर्कुलर अर्थतन्त्र, कार्बनको मात्रा कम रहेका उत्पादन, सेवा र प्रक्रियाहरू प्रयोग गर्न र अनावश्यक खपत नगर्न प्रोत्साहन गर्ने
- CO2 उत्सर्जन कम गर्न मद्दत गर्न उर्जाको माग कम गर्ने
- कार्बनको मात्रा उच्च रहेका उत्पादन र सेवाको माग कम गर्ने, विशेष गरी, ठाउँ तातो पार्ने, यात्रा र मासुको खपत
- समाजभरि नै परिवर्तन ल्याउन कार्बनमा कर लगाउने र सम्भवत कार्बन रासनिङ गर्ने
- यातायातका साधन र संरचना सम्बन्धी नीतिहरूले सफा हावाको समर्थन गर्छन् भन्ने कुरा सुनिश्चित गर्ने र फ्युल प्रभावकारीताको मापदण्ड कायम गर्ने

**प्रदूषण**

- व्यक्ति तथा संस्थाहरूले गर्ने प्रदूषणका लागि उनीहरूलाई उत्तरदायी ठहर गर्ने र दण्डित गर्ने

- उद्योगहरूलाई व्यवस्थित रूपमा उनीहरूले प्रयोग गर्ने विषालु केमिकलहरूको लेखापरीक्षण गर्न र प्रकाशन गर्न आवश्यक पर्ने बनाउने र तिनलाई त्यस्तो प्रयोग कम गर्नका लागि बाध्यकारी समयतालिका स्थापना गर्ने
- केमिकल प्रयोग र उत्सर्जन बारे जानकारी पाउने सर्वसाधारणको अधिकार ग्यारेन्टी गर्ने
- उत्पादन गर्ने उद्योगहरू, मेडिकल स्रोत र न्युक्लियर पावरबाट आएका रेडियोएक्टिभ फोहोरमैला नियन्त्रण गर्ने, भण्डारण गर्ने र निगरानी राख्ने जिम्मेवारी लिने
- सर्कुलर अर्थतन्त्र समर्थन गर्न विषालु केमिकलहरूको प्रयोग र फोहोरमैलाको उत्पादन कम गर्ने
- इन्टरप्राइजेजहरूलाई खोला वा समुद्रमा मिसिने ढलको गुणस्तर र परिमाणको रेकर्ड कायम गर्न पर्ने आवश्यक बनाउने
- सबै ढल रिसाइकल गर्ने र सार्वजनिक ढल प्रणालीमा विषालु पदार्थ मिसिएको छैन भन्ने कुरा सुनिश्चित गर्ने
- प्रदूषण व्यापक रूपमा रहिरहंदैन र मानव स्वास्थ्य र वातावरणमा प्रत्यक्ष चुनौती दिन जारी राख्न्दीन भन्ने कुरा सुनिश्चित गर्न उपायहरू अवलम्बन गर्ने

**खानी, फोहोरमैला र विषालु रसायन**

- प्रकृतिमा हानिकारक फोहोरमैला र रसायन उत्सर्जन गर्ने उद्योगहरूलाई कर तथा लगाउने र सजाय दिने
- हानिकारक फोहोरमैला कटौती गर्नका लागि काम गरिरहेका उद्योगहरूलाई पुरस्कृत गर्ने वा सहुलियत दिने
- हानिकारक पदार्थहरूमा भएको विषालुपनको अनुपातमा तिनमा कल लगाउने
- उपचार, पुन: प्रक्रिया गर्न वा नष्ट गर्ने प्रयोजनका लागि विषालु, हानिकारक वा रेडियोएक्टिभ फोहोरमैला आयात गर्नबाट प्रतिबन्ध लगाउने
- लगातार रहिरहने र बायो-एकुमुलेटिभ पदार्थहरू (POPs) फेज आउट गर्ने
- वातावरणमा हानिकारक रसायन र पदार्थ मिसिनबाट रोक्ने र सम्भव भएको ठाउँमा यसबाट प्रभावित वातावरणहरूको पुनर्स्थापना गर्ने
- नयाँ कोइला खानी वा समुद्रको गहिरो ठाउँको आयल र ग्यास अन्वेषण कार्यका लागि अनुमति नदिने
- संचालनमा रहेका कोइला खानीहरूलाई आफ्नो कार्य बन्द गर्नका लागि समयसीमा तोक्ने
- उद्योगहरू आफूले उत्पादन गरेका उत्पादनहरूको लाइफ साइकल र प्याकेजिङको दायित्व आफैं लिन्छन् भन्ने कुराको सुनिश्चित गर्ने
- कार्यस्थलका हानिकारक रसायनहरू कम गर्नका लागि युनियन र उद्योगहरूसँग मिलेर काम गर्ने
- भविष्यका सन्ततिका लागि पर्याप्त स्रोतहरू सुरक्षित रहून् भनेर प्राकृतिक स्रोतहरूको प्रयोगमा बन्देज लगाउने
- अन्तर्राष्ट्रिय वातावरण सम्झौताअन्तर्गत रहेका सबै जिम्मेवारीहरू स्थानीय कानुनमा परिभाषित गर्ने
- राष्ट्रिय निकुञ्जहरूलाई सबल पार्ने र सबै खालका अद्वितीय इकोसिस्टमहरूको प्रतिनिधित्व गर्नेखालका व्यापक र पर्याप्त खालका प्रणालीहरूको संरक्षण गर्ने

**उर्जा**

- राज्यको पर्याप्त लगानी सुनिश्चित गरेर र सर्वसाधारण नागरिकको व्यवहारमा परिवर्तन ल्याएर घरबाट हुने कार्बन उत्सर्जन कम गर्नका लागि रूपान्तरण कार्यक्रम सुरु गर्ने
- उर्जा प्रभावकारीता मापदण्डहरू तोक्ने र सबै क्षेत्रका लागि उर्जा प्रभावकारीतामा लगानी गर्ने, विशेष गरी उद्योग, यातायात र आवासमा (जसमा रेट्रोफिटिङका लागि लगानी गर्ने पनि पर्छ)

- सरकारका सबै तहमा नवीकरणीय उर्जाका कार्यक्रमहरूमा लगानी गर्ने र समर्थन गर्ने

**आर्थिक**

- वित्तीय क्षेत्रहरूलाई वातावरणसम्बन्धी दीर्घकालीन सोच राख्न प्रोत्साहन गर्ने
- सबै खालका लगानीहरूबाट हुने जलवायु सम्बन्धी जोखिमको पूर्ण रूपमा खुलासा गर्न आवश्यक पर्ने बनाउने
- स्रोतहरू सीमित छन् भन्ने कुरा र असमानता समबन्धी समस्याहरूको पहुचन गर्दै दीगो आर्थिक प्रणाली स्थापना गर्ने
- नवीन खालका वातावरणीय समाधानहरू प्रबर्धन गर्ने र दीगो खपत र उत्पादन शैली अपनाउने
- सर्कुलर अर्थतन्त्रअन्तर्गत फोहोरमैला कम गर्ने, रिसाइकल गर्ने र पुन प्रयोग गर्ने क्षेत्रमा लगानी गर्ने

**संस्थागत सहायता**

- वातावरण व्यवस्थापन गर्ने क्षमता सुधार गर्नका लागि उचित शिक्षा तथा प्रशिक्षण, सीप, प्रविधि, पूर्वाधार, स्रोत र सूचनामाथिको पहुँचको आवश्यकता पहिचान गर्ने
- जनस्वास्थ, वातावरण सुरक्षा र जैविक विविधताको संरक्षण समबन्धी अनुसन्धान र विकास प्रबर्धन गर्न र एकीकृत गर्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय निकाय गठन गर्ने
- नयाँ तथा स्थापित उत्पादनहरू र उत्पादन प्रक्रियाको निगरानी राख्ने, अनुमोदन गर्ने र इजाजतपत्रका लागि प्रणाली स्थापना गर्ने
- बिक्रीमा राखिने उत्पादनहरूमा पूर्ण रूपमा लेबल गर्नका लागि उत्पादक र जिल्लाका अधिकारीहरूलाई मार्गदर्शन जारी गर्ने
- श्रमिकहरू हानिकारक पदार्थसँग सम्पर्कमा आएको र फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित तथ्यांक जानकारी सार्वजनिक रजिस्टर र अनुरोध गरेको खण्डमा उपलब्ध गराउने
- राज्य प्रमुखप्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुने गरी रणनीतिक जलवायु आपतकालीन एजेन्सी गठन गर्ने र त्यसलाई जलवायु सम्बन्धी आपतकालीन लक्ष्यहरूसँग बाझिने खालका सबै सरकारी नीतिहरूमाथि भिटो शक्ति प्रयोग गर्ने अधिकार दिने
- पर्यावरणीय एकता तथा संरक्षणका मुद्दाहरूमा जोडका लागि पर्यावरणीय दीगो संस्थाहरू स्थापना गर्ने
- UNESCO का पहलहरू र विश्व सम्पदा क्षेत्रहरू संरक्षण गर्ने कार्यलाई समर्थन गर्ने

**अन्य उपायहरू**

- सबै नागरिकका लागि खानेपानीको वितरण सुरक्षित गर्ने र पानी संरक्षण तथा पानीको गुणस्तर प्रवर्धन गर्ने
- फोहोरमैला रिकभरी गर्ने उद्योगहरूलाई अघि बढाउन आवश्यक पर्ने विज्ञता विकास गर्न लगानी प्रदान गर्ने
- राष्ट्रिय मापदण्डहरू लागू गरेर जलमार्ग र एक्वीफायर, हावा र जमिनमा हुने प्रदूषण न्यूनीकरण गर्ने
- नदीनाला, सिमसार क्षेत्रका वासस्थान र समुद्रहरूमा क्षति हुनबाट र प्लास्टिक प्रदूषणलगायतका प्रदूषणबाट रक्षा गर्ने
- सबै पुराना जंगलहरू संरक्षण गर्ने
- ठुला खालका निजी सिंचाई र पानी भण्डारण वा पानीका स्रोतहरूमा विदेशी स्वामित्वका लागि सार्वजनिक सहुलियत अनुदान दिन वा सहायता गर्न बन्द गर्ने

- बोत्तल बनाउने नयाँ प्लान्टहरूको दिगोपना र समग्र लाभहरू पुष्टि नभएसम्म तिनको स्थापना गर्न अनुमति नदिने
- रिसाइकल गरिएका पदार्थहरू प्रयोग गर्ने उत्पादन प्रक्रियामा प्राथमिक प्राकृतिक स्रोत प्रयोग गर्ने उत्पादन प्रक्रिया भन्दा कम उर्जा खपत हुने भएकाले तिनलाई प्रोत्साहन गर्ने
- प्राकृतिक स्रोत प्रयोग गर्दा चुकाउनु पर्ने मूल्यबारे मूल्यांकन गर्दा त्यसमा ती स्रोतहरू एक्सट्र्याक्ट गर्दा, प्रशोधन गर्दा वा गर्दा चुकाउनु पर्ने वातावरणीय मूल्य पनि समावेश गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने
- स्रोतहरूको विश्वव्यापी उपलब्धता निर्धारण गर्ने र स्रोत प्रयोग गर्नका लागि दीगो शैली पहिचान गर्ने
- सबै खाले प्राकृतिक स्रोतहरू र विशेष गरी उपलब्ध रहेको मात्रा सकिदै गएका नविकरण गर्न नमिल्ने स्रोतहरूको खपत कम गर्ने
- सौर्य रेडिएसन् व्यवस्थापन र कृतिम मासु जस्ता विकास गरिदै गरेका मुख्य प्रविधिहरूका लागि R&D र पाइलट परियोजनाका लागि रकम उपलब्ध गराउने
- प्रजनन स्थानको संरक्षण लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा माछाहरूको दीगो व्यवस्थापन सुनिश्चित गर्ने
- धेरै स्रोत प्रयोग नगर्ने खालका कृषिमा रूपान्तरण गर्ने र किटनाशक औषधिको प्रयोगमा कमी ल्याउने साना स्तरका कृषिलाई प्रोत्साहन गर्ने
- सम्भव भएसम्म जमिनमा मूल वासस्थान भएका पशुपंक्षीलाई पुनर्स्थापना गर्ने

**सन्दर्भ सूची:**


*https://www.cagreens.org/platform/environmental-justice*
*https://greens.org.au/policies/environmental-principles*
*https://www.unenvironment.org/about-un-environment/policies-and-strategies/un-environment-strategy-environmental-education-and*
*https://www.ccacoalition.org/en/partners/united-nations-environment-programme-unep*
*https://policy.greenparty.org.uk/pl.html*
*https://www.greenparty.ie/policies/waste-water/*
*https://policy.greenparty.org.uk/nr.html*
*https://www.cagreens.org/platform/environmental-justice*
*https://news.un.org/en/story/2019/06/1039831*
*https://unfccc.int/news/un-environment-assembly-commits-to-pollution-free-planet*
*https://www.greens.org.nz/environmental_protection_policy*
*https://policy.greenparty.org.uk/cc.html*
*https://indiagreensparty.org/policies/environment/*
*https://www.unenvironment.org/*
*https://www.unenvironment.org/global-environment-outlook/geo-6-process*
*https://www.unenvironment.org/annualreport/2019/index.php*
*https://en.wikipedia.org/wiki/Natural_environment*
*https://www.globalgreens.org/Charter-Statutes-Rules*
*https://climateandcapitalism.com/2013/10/14/oceans-brink-ecological-collapse/*